नेपाल सरकार
# शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
(कर्मचारी प्रशासन तथा सुशासन प्रवर्द्धन शाखा)

पत्र संख्याः २.१.१३/२०७९/८०
चलानी नं.:- ११२

सिंहदरबार,
काठमाडौं, नेपाल ।

नेपाल सरकार शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय सिंहदरबार, काठमाडौं, नेपाल

मितिः २०७९।०४।२२

विषयः सेवाकालिन तालिममा आवेदन पेश गर्ने सम्बन्धी सूचना ।

प्रस्तुत विषयमा शिक्षा तथा मानव स्रोत विकास केन्द्र, सानोठिमीको च.नं. ०८, मिति २०७९।०४।२० को पत्रबाट आर्थिक बर्ष २०७९/८० को स्वीकृत बार्षिक कार्यक्रम अनुसार नेपाल शिक्षा सेवाका राजपत्रांकित द्वितीय र तृतीय श्रेणीका अधिकृतहरुको सेवाकालीन शैक्षिक प्रशासन तालिम सञ्चालन गर्नुपर्ने भएकोले उक्त तालिम लिन बाँकी इच्छुक ज्येष्ठ कर्मचारीहरु मनोनयन गरी पठाइदिनुहुन भनी लेखी आएकोले यस मन्त्रालय, केन्द्रीय निकाय र अन्तर्गत कार्यरत तालिम लिन बाँकी ज्येष्ठ कर्मचारीहरुले मिति २०७९।०५।१५ गते भित्र यस मन्त्रालयको कर्मचारी प्रशासन तथा सुशासन प्रवर्द्धन शाखामा वा इमेल **moekapra@gmail.com** मा तपशिलको विवरण सहित निवेदन पेश गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ ।

तपशिल

१. हालको पदमा नियुक्ति मिति,
२. कर्मचारी संकेत नं.,
३. कार्यरत निकाय,
४. स्थानीय निकाय र प्रदेशमा कार्यरत कर्मचारीहरुले सम्बन्धित कार्यालयबाट तालिममा सहभागी हुन सहमति दिएको पत्र,
५. सम्पर्क नम्बर,
६. इमेल ठेगाना ।

बलदेव भण्डारी
शाखा अधिकृत

बोधार्थ
श्री शिक्षा तथा मानव स्रोत विकास केन्द्र, सानोठिमी ।
श्री शैक्षिक प्रविधि तथा विद्युतीय सुशासन शाखा : यस मन्त्रालयको वेभसाइटमा यो सूचना Upload का लागि ।

फोन नं.:
वेबसाइटः www.moest.gov.np
Email: administration.sec@moest.gov.np

.., 10:51 AM sevakalin.jpeg

नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
शिक्षा तथा मानव स्रोत विकास केन्द्र
शैक्षिक व्यवस्थापन तालिम शाखा
सानोठिमी, भक्तपुर, नेपाल

फोन नं. ६६३१०७५, ६६३०७८६, ६६३८१५०, ६६३०१९३ भवन नं. १
फ्याक्स नं. ६६३१४८६ भवन नं. २, ६६३०४५७ भवन नं. ३

पत्र सङ्ख्या २०७९।०८०
च.नं. 08

मितिः- २०७९/०४/२०

विषय :- सेवाकालीन तालिमका लागि सहभागी मनोनयन गरी पठाइदिने सम्बन्धमा ।

श्री शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय,
सिंहदरबार, काठमाडौं ।

प्रस्तुत विषयमा यस केन्द्रको आ.व. २०७९/०८० को स्वीकृत वार्षिक कार्यक्रमअनुसार पहिलो र दोस्रो त्रैमासिक अवधिमा शिक्षा सेवाका राजपत्राङ्कित द्वितीय र तृतीय श्रेणीका अधिकृतहरूको सेवाकालीन शैक्षिक प्रशासन तालिम सञ्चालन गर्नुपर्ने भएको हुँदा तहाँ मन्त्रालय, केन्द्रीय निकाय र अन्तर्गत कार्यरत तालिम लिन बाँकी ज्येष्ठ कर्मचारीहरूबाट तपसिलको सङ्ख्यामा सहभागीहरू मनोनयन गरि पठाईदिनहुन यस केन्द्रको मिति २०७९ श्रावण २० गतेको निर्णयानुसार अनुरोध छ।
तपसिलः-

| क.स. | सेवाकालीन तालिम | मनोनयन गर्नुपर्ने सङ्ख्या | सञ्चालन हुने तालिम समूह |
|---|---|---|---|
| १ | राजपत्राङ्कित द्वितीय श्रेणी | २५ जना मुख्य सहभागी र ५ जना वैकल्पिकसहित ३० जना | १ समूह |
| २ | राजपत्राङ्कित तृतीय श्रेणी | २५ जना मुख्य सहभागी र ५ जना वैकल्पिकसहित ३० जना | १ समूह |

डा. गणेशप्रसाद भट्टराई
निर्देशक

"आज हुने काम आजै गरौं । सेवाग्राहीको सहजतालाई मनमा राखौं ।"

https://mail.google.com/mail/u/0/#inbox/FMfcgzGqPpdwskCPBZSczQjkqWcGQnfn?projector=1&messagePartId=0.1 